प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद

## परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## एक बिषय मौका परीक्षाको आवेदन फाराम भर्ने बारे अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०८१।०२।०३ गते)

यस परिषद्का आंगिक, साझेदारी, सामुदायिक विद्यालय र निजी स्तरमा संचालित सेमेष्टर परीक्षा प्रणाली अन्तर्गतका डिप्लोमा तथा प्रमाणपत्र तहका ईन्जिनियरिङ्ग तर्फका सम्पुर्ण कार्यक्रम, इन्फरमेशन टेक्नोलोजी, फूड एण्ड डेरी टेक्नोलेजी, सोसियल वर्क्स कार्यक्रमहरुको र **प्राविधिक शिक्षामा विशेष छात्रबृत्ति कार्यक्रम तर्फ यो सूचना प्रकाशित भएको मिति सम्म प्रथम बर्ष प्रथम खण्ड देखि तेश्रो बर्ष प्रथम खण्ड सम्म उत्तीर्ण भई तेश्रो बर्ष दोश्रो खण्डमा मात्र कुनै एक बिषयको सैद्धान्तिक परीक्षा अनुत्तीर्ण भएका** परिषद् परीक्षा सम्वन्धी बिनियमावली २०७१ बमोजिम **सैद्धान्तिक एक विषयको मौका परीक्षा २०८१ साल असार महिनामा** संचालन हुने हुंदा सम्बन्धित परीक्षार्थीहरुले २०८१ साल जेष्ठ १७ गते भित्र नियमित शुल्क र जेष्ठ २४ गते भित्र बिलम्ब शुल्कमा सम्वन्धित शिक्षालयहरुमा परीक्षा आवेदन फाराम भरी बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । निम्न शर्तहरु पूरा नभएका र तोकिएको समयभित्र आवेदन फाराम नबुझाउने शिक्षालयका विद्यार्थीहरुलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१. शिक्षालयले एक विषयको आंशिक परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम ITMS Online मा आफ्नो User बाट Login गरी परीक्षा आवेदन फाराम Print गरी परिक्षार्थीहरुलाई बितरण गर्नुपर्नेछ ।

२. परीक्षा आवेदन फाराम शुल्क वापत रु. ३००।- बुझाउनु पर्नेछ ।

३. सम्वन्धित शिक्षालयहरुले परीक्षा आवेदन फाराम शुल्क वापतको रकम मिति २०८१।०२।१८ गते नियमित शुल्क र मिति २०८१।०२।२५ गते भित्र बिलम्ब शुल्कको रकम अनिवार्य रुपमा सम्वन्धित परिषद्, प्रदेश कार्यालयको बैंक खातामा बुझाउनु पर्नेछ ।

४. सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत तेश्रो वर्ष दोश्रो खण्डको नियमित परीक्षामा कुनै एक बिषयमा अनुत्तीर्ण भएका नियमित परीक्षार्थीहरुले मात्र उक्त आवेदन फाराम भर्न पाउने छन् र **उक्त नियमित परीक्षाको Result Sheet को प्रतिलिपी अनिवार्य रुपमा आवेदन फारामसाथ संलग्न गर्नु पर्नेछ ।**

५. २०७७ साल (सन् २०२०) मा रजिष्ट्रेशन कायम भई २०८० माघ/फागुन महिनामा संचालन भएको तेश्रो बर्ष दोश्रो खण्डको परीक्षाको नतिजामा एक विषयमा मात्र अनुत्तीर्ण परीक्षार्थीहरुले एक विषय मौका परीक्षाको आवेदन फाराम भर्न पाउने छन् । आवेदन फाराम साथ प्रथम बर्ष प्रथम खण्ड, प्रथम बर्ष दोश्रो खण्ड, दोश्रो बर्ष प्रथम खण्ड, दोश्रो बर्ष दोश्रो खण्ड र तेश्रो वर्ष प्रथम खण्ड उत्तीर्ण गरेको लब्धांक पत्र (Mark Sheet) वा Ledger को प्रतिलिपि अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ । यदि सेमेष्टर परीक्षा प्रणाली तर्फ कुनै खण्डहरु अनुत्तीर्ण परीक्षार्थीहरुले उक्त परीक्षाको आवेदन फाराम भरी परीक्षा दिएमा उक्त परीक्षा स्वतः रद्द हुनेछ ।

६. आवेदन फाराम परिषद्का सम्वन्धित प्रदेश कार्यालयहरुमा सम्बन्धित शिक्षालय मार्फत बुझाउनु पर्नेछ ।

७. प्रवेश पत्र विना परीक्षामा सामेल गराइने छैन । अतः सम्बन्धित शिक्षालयले प्रवेश पत्र तोकिएको समय भित्र बुझिलिनु पर्नेछ ।

८. परीक्षा सञ्चालन हुने मिति र परीक्षा केन्द्र पछि प्रकाशित गरिने छ ।

९. सिम्बल नं एकमुष्ट Generate गर्नुपर्ने भएकाले नियमित शुल्कको परीक्षा आवेदन फाराम मिति २०८१।०२।१७ गते कार्यालय समय भित्र र बिलम्ब शुल्कको मिति २०८१।०२।२४ गते कार्यालय समय भित्र Web Based Online System मा शिक्षालयले Entry गरिसक्नुपर्नेछ ।

१०. शिक्षालयहरुले परीक्षा आवेदन फाराम, शुल्क बुझाएको भौचर सहित विद्यार्थीहरुको विवरण र सम्पुर्ण कागजातहरु फाइलमा राखी मिति २०८१।०२।२७ गते कार्यालय समय भित्र सम्वन्धित परिषद् प्रदेश कार्यालयमा बुझाउनु पर्नेछ ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**